# कानुनी सहायतासम्बन्धी ऐन, २०५४
# तथा
# नियमावली, २०५५

# कानूनी सहायता सम्बन्धी ऐन, २०५४

<u>लालमोहर र प्रकाशन मिति</u>

२०५४।९।७

<u>संशोधन गर्ने ऐन</u>

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ २०५५।१०।७

२०५४ सालको ऐन नं. १६

**<u>कानूनी सहायता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**प्रस्तावना**

कानूनी राज्यको सिद्धान्त अनुरुप सबैलाई समान रुपमा न्याय उपलब्ध गराउन आवश्यक भएकोले आर्थिक र सामाजिक कारणबाट आफ्नो कानूनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तिका लागि आवश्यक कानूनी सहायता उपलब्ध गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न बान्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "कानूनी सहायता सम्बन्धी ऐन, २०५४" रहेको छ।

(२) यो ऐनको दफा १ तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरु नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछन्।[१]

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कानूनी सहायता" भन्नाले यस ऐन बमोजिम असमर्थ व्यक्तिलाई दिइने कानूनी राय सल्लाह समभनु पर्छ र सो शब्दले त्यस्तो असमर्थ व्यक्तिको तर्फबाट अड्डा अदालतहरुमा गरिने बहस पैरवी, लेखापढी तथा कानूनी कारबाहीका सम्बन्धमा गरिने अन्य सेवा समेतलाई जनाउनेछ।

.....................................................................................................

!= Pb nfu"ePsf]ldlt tyf lhNnfx? k5f8L /flvPsf]5 .

(ख) “केन्द्रीय समिति” भन्नाले दफा ६ बमोजिम गठित केन्द्रीय कानूनी सहायता समिति सम्झनु पर्छ।

(ग) “जिल्ला समिति” भन्नाले दफा ७ बमोजिम गठित जिल्ला कानूनी सहायता समिति सम्झनुपर्छ।

(घ) “अदालत” भन्नाले कानूनी सहायता प्राप्त गर्न व्यक्ति पक्ष रही कानूनी कारबाही चलिरहेको अड्डा अदालत सम्झनु पर्छ र सो शब्दले मुद्दा हेर्ने वा कानूनी कारबाही गर्ने अधिकारी वा कार्यालयलाई समेत जनाउनेछ।

(ङ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## ३. कानूनी सहायता प्राप्त गर्ने व्यक्ति

(१) **तोकिएको वार्षिक आयभन्दा कम आय भएको व्यक्तिले मात्र यस ऐन बमोजिम कानूनी सहायता प्राप्त गर्न सक्नेछ।**

(२) **कुनै व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउने वा नगराउने कुराको निर्णय गर्ने अधिकार सम्बन्धित समितिलाई हुनेछ।**

(३) **सम्बन्धित समितिले कानूनी सहायता उपलब्ध गराउने विषयमा निर्णय गर्दा अरुलाई अनावश्यक रुपमा दुःख दिने र आधारहीन मुद्दा गर्ने प्रवृत्तिलाई प्रोत्साहन नहोस् भन्ने तर्फ समेत विचार गर्नु पर्नेछ।**

## ४. कानूनी सहायता बापतको खर्च सोधभर्ना गर्नुपर्ने

(१) कुनै व्यक्तिले कानूनी सहायता प्राप्त गरेकोकारणबाट कुनै सम्पत्ति वा आर्थिक लाभ प्राप्त गरेमा त्यस्तो व्यक्तिले कानूनी सहायता प्राप्त गरे वापत तोकिए बमोजिम सम्बन्धित समितिले गरेको खर्च समितिलाई सोधभर्ना गर्नु पर्नेछ। तर त्यस्तो व्यक्तिबाट कानूनी सहायता वापतको खर्च सोधभर्ना लिँदा सो व्यक्तिलाई मर्का पर्ने देखिएमा सम्बन्धित समितिले त्यसरी आफूले गरेको खर्च आंशिक वा पूर्ण रुपमा नलिने गरी छूट दिन सक्नेछ।

(२) अदालतले आफ्नो फैसलामा सम्बन्धित समितिले कुनै व्यक्तिलाई कानूनी सहायता उपलब्ध

गराउँदा गरेको खर्च त्यस्तो कानूनी सहायता प्राप्त गर्ने व्यक्तिबाट असूल उपर गरी लिन पाउने गरी आदेश दिन सक्नेछ र त्यस्तो आदेश प्रचलित कानून बमोजिम कार्यान्वयन गरिनेछ।

## ५. कानून व्यवसायीहरुको सूची र पारिश्रमिक

(१) असर्थम व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउनको लागि सम्बन्धित समितिले नेपाल बार एशोसिएशनका सदस्यहरु मध्येबाट छुट्टा छुट्टै विषय वा प्रकृतिका मुद्दा हेर्नका लागि छुट्टा छुट्टै कानून व्यवसायीहरुको सूची तयार गर्नेछ।

**तर,**

(१) कुनै जिल्लामा नेपाल बार एशोसिएशनको इकाई नभएकोमा नेपाल बार एशोसिएशनका सदस्य नरहेका कानून व्यवसायीहरुलाई समेत कानूनी सहायता उपलब्ध गराउने कानून व्यवसायीको सूचीमा समावेश गर्न सक्नेछ।

(२) कानून व्यवसायीको सूची तयार गर्दा कुनै जिल्लामा सम्बन्धित विषय वा प्रकृतिका मुद्दा हेर्ने कानून व्यवसायी उपलब्ध नभएमा सम्बन्धित समितिले अर्को जिल्लाका कानून व्यवसायीलाई समेत सो कानून व्यवसायीको सहमति लिई कानून व्यवसायीको सूचीमा समावेश गर्नसक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचीमा परेका कानून व्यवसायीहरुले यस ऐन बमोजिम असमर्थ व्यक्तिलाई कानूनी सहायता प्रदान गर्न पाउने छन्।

(३) उपदफा (१) बमोजिमको सूचीमा कुनै कानून व्यवसायीको नाम समावेश गर्ने वा त्यस्तो सूचीबाट कुनै कानून व्यवसायीको नाम हटाउने अधिकार सम्बन्धित समितिलाई हुनेछ।

तर त्यसरी सूचीबाट कुनै कानून व्यवसायीको नाम हटाइएकोमा चित्त नबुझ्ने सम्बन्धित कानून व्यवसायीले तोकिए बमोजिम उजुर गर्न सक्नेछ।

(४) कानूनी सहायता प्रदान गर्ने कानून व्यवसायीलाई सम्बन्धित समितिले तोकिए बमोजिम पारिश्रमिक उपलब्ध गराउनेछ।

## ६. केन्द्रीय कानूनी सहायता समितिको गठन तथा काम, कर्तव्य र अधिकार

(१) असमर्थ व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न केन्द्रीय कानूनी सहायता समितिको गठन हुनेछ र सो समितिमा देहायका सदस्यहरु र हनेछन्ः-

(क) कानून तथा न्याय मन्त्री - अध्यक्ष

(ख) अध्यक्ष, नेपाल कानून व्यवसायी परिषद् - सदस्य

(ग) अध्यक्ष, नेपाल बार एशोसिएशन- सदस्य

(घ) केन्द्रीय समितिबाट मनोनीत कानूनविद् एकजना - सदस्य

(ङ) नेपाल बार एशोसिएशनको सचिव - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(३) केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कानूनी सहायता सम्बन्धी नीति एवं कार्यक्रम निर्धारण गर्ने,

(ख) जिल्ला समितिहरुको काम कारबाहीहरुको रेखदेख र नियन्त्रण गर्ने तथा त्यस्ता समितिहरुलाई आवश्यकता अनुसार निर्देशन दिने,

(ग) कानूनी सहायता सम्बन्धी कार्यको लागि जिल्ला समितिलाई अनुदान दिने,

(घ) कानूनी सहायता सम्बन्धी कामको लागि आवश्यक रकमको व्यवस्था गर्ने,

(ङ) सर्वोच्च अदालतमा असमर्थ व्यक्तिको तर्फबाट कानूनी सहायता प्रदान गर्न कानून व्यवसायीहरुको सूची तयार गर्ने,

(च) जनसाधारणलाई कानून र कानूनी सहायता सम्बन्धमा जानकारी गराउन विभिन्न विषयका परिचयात्मक पुस्तक, पुस्तिका, विवरण आदिको प्रकाशन तथा वितरण गर्ने र सो कामको लागि अनुसन्धान गर्ने, गराउने,

(छ) कानूनी सहायता सम्बन्धी कामको लागि आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्ने तथा त्यस्ता उपसमितिहरुको काम, कर्तव्य र अधिकार तोक्ने,

(ज) केन्द्रीय समितिको कोषको आय व्ययको लेखा परीक्षण गराउन लेखा परीक्षक नियुक्ति गर्ने, [२]

(झ) केन्द्रीय समितिलाई आवश्यक पर्ने कर्मचारीहरु नियुक्ति गर्ने,

(ञ) आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार यस ऐन बमोजिम गठित कुनै उपसमिति वा केन्द्रीय समितिका कुनै कर्मचारीलाई प्रत्यायोजित गर्ने,

(ट) यस ऐनको उद्देश्य पूर्तिका लागि तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने ।

(४) केन्द्रीय समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## ७. जिल्ला कानूनी सहायता समितिको गठन तथा काम, कर्तव्य र अधिकार

(१) जिल्ला स्तरमा असमर्थ व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउन तथा असमर्थ व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउने कानून व्यवसायीहरुको सूची तयार गर्ने काम समेतको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमका सदस्यहरु रहेको जिल्ला कानूनी सहायता समिति गठन हुनेछः-

(क) पुनरावेदन अदालत रहेको जिल्लामा पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा सो नभएको जिल्लाहरुमा जिल्लान्यायाधिवक्ता - अध्यक्ष

(ख) जिल्लास्थित बार एशोसिएशनका इकाईहरुमध्ये माथिल्लो इकाईको अध्यक्ष - सदस्य

तर काठमाण्डौ जिल्लाको हकमा जिल्ला बार एशोसिएशनको अध्यक्ष सदस्य हुनेछ ।

(ग) जिल्लाका कानून व्यवसायीहरुमध्ये जिल्ला समितिबाट मनोनीत दुई जना कानून व्यवसायी - सदस्य

(घ) जिल्लास्थित बार एशोसिएशनका इकाईहरुमध्ये माथिल्लो इकाईको सचिव - सदस्य-सचिव

---

@= s]kL gk]fn P]g ;+zf]wg ug{]P]g, @)%% åf/f lemlsPsf].

तर काठमाण्डौ जिल्लाको हकमा जिल्ला बार एशोसिएशनको सचिव सदस्य सचिव हुनेछ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(३) जिल्ला समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

**८. कानूनी सहायता कोष**

(१) कानूनी सहायता सम्बन्धी कामको लागि एक कोष रहनेछ र सो कोषमा देहायका रकमहरु र हनेछन्ः-

(क) नेपाल सरकारबाट अनुदान स्वरुप प्राप्त रकम।

(ख) कुनै व्यक्ति, संघ वा संस्थाबाट अनुदान, चन्दा, सहयोग स्वरुप प्राप्त रकम।

(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(२) **उपदफा (१) बमोजिमको कोषको संचालन तोकिए बमोजिम हुनेछ।**

**९. लेखा र लेखा परीक्षण**

(१) केन्द्रीय समिति र जिल्ला समितिले आफ्नो आय व्ययको लेखा प्रचलित कानून बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(२) केन्द्रीय समिति र जिल्ला समितिको आय व्ययको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ।

**१०. कर्मचारी सम्बन्धी व्यवस्था**

(१) केन्द्रीय समिति र जिल्ला समितिमा आवश्यक संख्यामा कर्मचारीहरु नियुक्त गर्न सकिनेछ।

+(१क) केन्द्रीय समितिले कानूनमा कम्तीमा स्नातक भएको व्यक्तिलाई कार्यालय

सचिवको पदमा नियुक्त गर्न सक्नेछ। त्यसरी नियुक्त नभएसम्मको अवधिको लागि केन्द्रीय समितिको अनुरोधमा नेपाल सरकारले राजपत्रांकित कर्मचारीलाई कार्यालय सचिवको पदमा खटाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला समितिले कर्मचारीहरु नियुक्ति गर्नु अघि केन्द्रीय समितिको स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरुको पारिश्रमिक, सेवाका शर्त तथा सुविधा सम्बन्धी व्यवस्था केन्द्रीय समितिले तोकिदिए बमोजिम हुनेछ।

## ११. नक्कल सार्न दिनु पर्ने

कानूनी सहायता सम्बन्धी काममा संलग्न सम्बन्धित कानून व्यवसायी तथा कर्मचारीलाई अदालतले प्रचलित कानून बमोजिम कागजको नक्कल सार्दा लिने दस्तुर नलिई सो कागजको नक्कल सार्न दिनु पर्नेछ।

## १२. नियम बनाउने अधिकार

(१) **यस ऐनको उद्देश्य कार्यान्वयन गर्न केन्द्रीय समितिले आवश्यक नियमहरु बनाउन सक्नेछ।**

(२) **उपदफा (१) बमोजिम बनाइएका नियमहरु नेपाल सरकार, कानून तथा न्याय मन्त्रालयबाट स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछन्।**

---

± s]xL gkfn Pg ; z+f]wg ug{[Pg, @)%% åf/f yk .

<u>रूपान्तर</u>

!= s]xL gkfn Pg ; z+f]wg ug{[Pg, @)%% adf]hd ¿kfGt/ ePsf zAbx¿M– æ;/sf/L clwjQmfÆ sf] ;§f æ;xGofoflwjQmfÆ, ælhNnf ;/sf/L clwjQmfÆ sf] ;§f ælhNnfGofoflwjQmfÆ.

@= s]xL gkfn sfgg ; z+f]wg ug{[Pg, @)^# adf]hd ¿kfGt/ ePsf zAbx¿ M– æ>L % sf] ;/sf/Æ eGg]zAbsf] ;§f ægkfn ;/sf/Æ .

द्रष्टव्य : Pgsf]bkmfx? nfu"ePsf]ldlt tyf lhNnfx? M

!= ldlt @)%%.!.@! ut]sf]/fhkqdf k|sflzt ;"rgfåf/f pQm Pgsf]bkmf ^ / !@ ldlt @)%%.!.@^ b]lv k|f/De xg]u/L tf] lsPsf].

@= ldlt @)%%.&.@# ut]sf]/fhkqdf k|sflzt ;"rgfåf/f k|f/De xg af“sL ;a}bkmfx? b]xfosf lhNnfx?df ldlt @)%%.&.@# ut]b]lv k|f/De xg]u/L tf]lsPsf]M–
-!_ ;g;/L -@_ af/f -#_ bf]nvf -$_ kfNkf / -%_ af“s].

#= ldlt @)%^.!!.& ut]sf]/fhkqdf k|sflzt ;"rgfåf/f b]xfosf lhNnfx?df k|f/De xg af“sL ;a}bkmfx? ldlt @)%^.!!.& ut]b]lv k|f/De xg]u/L tf]lsPsf]M–
-!_ ;nf{xL -@_ wflbª / -#_ uNdL .

$= ldlt @)%&.!@.@) ut]sf]/fhkqdf k|sflzt ;"rgfåf/f b]xfosf lhNnfx?df k|f/De xg af“sL ;a}bkmfx? ldlt @)%*.!.! ut]b]lv k|f/De xg]u/L tf]lsPsf]M–
-!_ sGrgk'/ -@_ sf:sL -#_ ds jfgk'/ -$_ wgl\ff / -%_ emfkf .

%= ldlt @)^).*.@@ ut]sf]/fhkqdf k|sflzt ;"rgfåf/f b]xfosf lhNnfx?df k|f/De xg af“sL ;a}bkmfx? ldlt @)^).(.! ut]b]lv k|f/De xg]u/L tf]lsPsf]M–
-!_ 0nfd -@_ df/ª -#_ k;f{-$_ dxf]Q/L -%_ sfe|]knf~rf]s -^_ ?kGb]xL -&_ bfª -*_ :ofª\hf -(_ s]hfnL -!)_ 8f]6L .

^= ldlt @)^!.^.! ut]sf]/fhkqdf k|sflzt ;"rgfåf/f b]xfosf lhNnfx?df k|f/De xg af“sL ;a}bkmfx? ldlt @)^!.^.! ut]b]lv k|f/De xg]u/L tf]lsPsf]M–
-!_ wgs6f -@_ ;Kt/L -#_ l;/fxf -$_ /f}tx6 -%_ l;Gwkf~rf]s
-^_ tgxF-&_ slknj:t'-*_ ;'v]{t -(_ albf]n -!)_ bfr{'nf .

&= ldlt @)^#.@.@( ut]sf]/fhkqdf k|sflzt ;"rgfåf/f b]xfosf lhNnfx?df k|f/De xg af“sL ;a}bkmfx? ldlt @)^#.$.! ut]b]lv k|f/De xg]u/L tf]lsPsf]M–
-!_ kfFy/ -@_ pbok'/ -#_ l;Gwh'nL -$_ lrtjg -%_ gjnk/f;L
-^_ jfUnª -&_ kj{t -*_ c3f{vfFL -(_ Ko'7fg -!)_ 88]nw'/f .

*= ldlt @)^$.(.#) ut]sf]/fhkqdf k|sflzt ;"rgfåf/f b]xfosf lhNnfx?df k|f/De xg af“sL ;a}bkmfx? ldlt @)^$.!).! ut]b]lv k|f/De xg]u/L tf]lsPsf]M–
-!_ tfKn]hË -@_ aemfË -#_ g'jfsf]6 -$_ ndhË -%_ DofUbL
-^_ uf]/vf -&_ /fd]5fk -*_ hDnf -(_ /fNkf -!)_ j}8L .

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८ संख्या ३ नेपाल राजपत्र भाग ३ मिति २०५५/१/२१

## भाग ३

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारले कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको दफा ६ र १२ मिति २०५५/१/२६ देखि प्रारम्भ हुने गरी तोकेको छ।

आज्ञाले

तीर्थमान शाक्य

श्री ५ को सरकारको सचिव

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८ काठमाडौं, कार्तिक २३ गते २०५५ साल अतिरिक्ताङ्क ५१

## भाग ३

### श्री ५ को सरकार
### कानून तथा न्याय मन्त्रालयको सूचना

## सूचना १

श्री ५ को सरकारले कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको प्रारम्भ हुन बाँकी सबै दफाहरु सुनसरी, बारा, दोलखा, पाल्पा र बाँके जिल्लामा मिति २०५५/७/२३ देखि प्रारम्भ हुने गरी तोकेको छ।

# सूचना २

## कानूनी सहायता सम्बन्धी नियमावली, २०५५

कानुनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी केन्द्रीय कानूनी सहायत समितिले बनाएको देहायको नियमहरु श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालयले स्वीकृत गरेको छ।

## परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यी नियमहरुको नाम "कानूनी सहायता सम्बन्धी नियमावली, २०५५" रहेको छ।

**२. परिभाषा**ः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क) "ऐन" भन्नाले कानूनी सहायता सम्बन्धी ऐन, २०५४ सम्झनु पर्छ।

ख) "समिति" भन्नाले ऐनको दफा २ को खण्ड (ख) र (ग) बमोजिमको केन्द्रीय तथा जिल्ला कानूनी सहायता समिति सम्झनु पर्छ।

ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउँछ।

# परिच्छेद -२

## कानूनी सहायता उपलब्ध गराउने सम्बन्धी व्यवस्था

### ३. कानूनी सहायता प्राप्त गर्न दरखास्त दिनु पर्ने

(१) ऐन तथा यस नियमावली बमोजिम कानूनी सहायता

प्राप्त गर्न चाहने नेपाली नागरिकले अनुसूची-१ मा तोकिए बमोजिमको ढाँचामा सम्बन्धि समितिमा दर खास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिँदा गाउँ विकास समितिको हकमा सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष वा सदस्य वा सचिवले र नगरपालिकाको हकमा सम्बन्धित वडाको अध्यक्षले अनुसूची-२ बमोजिमको ढाँचामा गरिदिएको सिफारिश समेत संल्गन गर्नु पर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कानूनी सहायता प्राप्त गर्न चाहने व्यक्ति स्वयं दरखास्त फाराम भर्न नजान्ने वा समितिको कार्यालयमा आई दरखास्त फार ाम भर्न नजान्ने वा समितिको कार्यालयमा आई दरखास्त फाराम भर्न नसक्ने अवस्थामा रहेछ भने निजले पत्याएको अन्य व्यक्तिले समितिमा दरखास्त दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम अन्य व्यक्ति मार्फत दरखास्त दिन ल्याएमा समितिको कर्मचारीले दरखास्त फाराम बमोजिम बुझ्नु पर्ने सबै कुरा बुझी उपनियम (२) बमोजिमको सिफारिस समेत संलग्न गराई दर्खास्त दर्ता गरिदिनु पर्नेछ।

(५) समितिमा दरखास्त दर्ता गराउन ल्याउदा दरखास्तमा उल्लेखित व्यहोरा प्रमाणित हुने कुनै कागजात भए त्यस्तो कागजात समेत दरखास्तवालाबाट पेश गर्न लगाउनु पर्नेछ।

### ४. दरखास्त उपर जाँचबुझ

नियम ३ बमोजिम दर्ता हुन आउने दरखास्त र सो साथ संलग्न कागजात सदस्य सचिवले जाँचबुझ गरी समितिको बैठकमा पेश गर्नु पर्नेछ।

## ५. समितिको निर्णय र जानकारी

(१) नियम ४ बमोजिम समितिको बैठकमा पेश हुन आएको दरखास्तको सम्बन्धमा समितिले दर खास्तवालाई ऐन, यस नियमावली र केन्द्रीय समितिले समय समयमा निर्धारण गरेको नीति निर्देशनको अधीनमा रही कानूनी सहायता उपलब्ध गराउने वा नगराउने निर्णय गर्नेछ।

(२) उपनियम (१) बमोजिम निर्णय गर्दा दरखास्तवालाको मुद्दाको प्रकृति, मुद्दा दायर गर्नु पर्ने हदम्याद वा प्रतिउत्तर दिनु पर्ने म्याद तारेख समेतलाई विचार गरी दरखास्त परेको मितिले बढीमा ४५ दिन भित्र निर्णय गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम समितिबाट भएको निर्णयको जानकारी सम्बन्धित दरखास्तवालालाई उपलब्ध गराइनेछ।

## ६. कानूनी सहायता उपलब्ध नगराईने

(१) वार्षिक चालिस हजार रुपैया भन्दा बढी आय हुने व्यक्तिलाई समितिले कानूनी सहायता उपलब्ध गराउने छैन।

(२) देहाय बमोजिम मुद्दामा अभियुक्त पक्षलाई समितिले कानूनी सहायता उपलब्ध गराउने छैनः-

(क) जासूसी ऐन, २०१८ अन्तर्गतको

(ख) जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अन्तर्गतको,

(ग) प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अन्तर्गतको मुद्दा,

(घ) मुलुकी ऐन जबरजस्ती करणीको महलले सजाँय हुने मुद्दा,

(ङ) भ्रष्टचार निवारण ऐन, २०१७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अन्तर्गतको मुद्दा,

(च) राजश्व चुहावट नियन्त्रण ऐन, २०५२ अन्तर्गतको मुद्दा,

(छ) लागू औषध (नियन्त्रण) एने, २०३३ अन्तर्गतको मुद्दा,

(ज) केन्द्रीय समितिले समय समयमा तोकेका अन्य मुद्दा,

**७. कानूनी सहायता वापतको खर्च सोध भर्ना व्यहोर्नु पर्ने**

(१) कुनै व्यक्तिले कानूनी सहायता प्राप्त गरेको कारणबाट कुनै सम्पति वा आर्थिक लाभ प्राप्त गरे मा त्यस्तो व्यक्तिले निजलाई कानूनी सहायता उपलब्ध गराउने क्रममा सम्बन्धित समितिले गरेको खर्चको सोध भर्ना व्यहोर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम समितिले गरेको खर्चको साधे भर्ना गराउँदा निजले प्राप्त गरेको कूल सम्पत्ति वा आर्थिक लाभको दश प्रतिशतको दरले हुन आउने रकम सोध भर्ना गराइनेछ।

# परिच्छेद -३

## केन्द्रीय कानूनी सहायता समितिको काम, कर्तब्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि

**८. केन्द्रीय कानूनी सहायता समितिको काम, कर्तब्य र अधिकार**: **ऐनको दफा ६ उल्लिखित काम, कर्तब्य र अधिकारको अतिरिक्त केन्द्रीय कानूनी सहायता समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) नियम ६ को उपनियम (१) बमोजिम तोकिएको आय भन्दा कम आय भएका धेरै व्यक्तिहरुबाट कानूनी सहायताको माग भएमा कानूनी सहायता उपलब्ध गराउनु पर्ने व्यक्तिहरुको प्राथमिकता क्रम निर्धारण गर्न आवश्यक नीति निर्धारण गर्ने र त्यसरी निर्धारित नीतिको अधीनमा रही कानूनी सहायत ाउपलब्ध गराउनु पर्ने व्यक्तिहरुको प्राथमिकता क्रम निर्धारण गर्ने,

(ख) ऐनको दफा ४ को प्रतिबन्धात्मक वाक्यांस बमोजिम कुनै व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउने क्रममा समितिले गरेको खर्च आंशिक वा पूर्ण रुपले छुट दिने नीति निर्धारण गर्ने,

(ग) ऐनको दफा ५ को उपदफा (४) बमोजिम कानूनी सहायता प्रदान गर्ने कानूनु व्यवसायीलाई दिइने पारिश्रमिकको अंक निर्धारण गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने र त्यसरी निर्धारित नीतिको अधीनमा रही कानूनी सहायता उपलब्ध गराउने कानून व्यवसायीको पारिश्रमिक निर्धारण गर्ने,

(घ) नियम ७ को उपनियम (२) बमोजिम समितिले गरेको खर्चको सोध भर्ना गराउँदा निजले प्राप्त

गरेको कूल सम्पत्ति वा आर्थिक लाभको मूल्यांकन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने र त्यसरी निर्धारित नीतिको अधीनमा रही कानूनी सहायता प्राप्त गरेको व्यक्तिले प्राप्त गरेको कूल आर्थिक लाभको मूल्यांकन गर्ने,

(ङ) ऐन तथा यस नियमावली बमोजिम कानूनी सहायता उपलब्ध गराउन समितिले तोकेको कुनै कानून व्यवसायीले कानूनी सहायता उपलब्ध गराउने काममा हेलचक्र्याँई वा लापरवाही गरी सम्बन्धित व्यक्तिको मुद्दा बिग्रन गएमा त्यस्तो कानून व्यवसायीलाई प्रचलित कानून बमोजिम का बाहीको लागि कानून व्यवसायी परिषद् समक्ष सिफारित गर्ने,

(च) केन्द्रीय समितिको वार्षिक कार्यक्रम तथा बजेट पारित गर्ने।

## ९. केन्द्रीय कानूनी सहायता समितिको बैठक सम्बन्धी कार्यविधिः

(१) केन्द्रीय समितिको बैठक प्रत्येक वर्षमा चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र आवश्यक भएमा सो भन्दा बढी पटक पनि बैठक बस्न सक्नेछ।

(२) केन्द्रीय समितिले आवश्यता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञहरु केन्द्रीय समितिको बैठकमा आमन्त्रित वा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण वा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(३) केन्द्रीय समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा केन्द्रीय समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) केन्द्रीय समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) केन्द्रीय समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिइनेछ।

(६) केन्द्रीय समितिको बैठकमो निर्णय समितिको सदस्य सचिवले निर्णय पुस्तिकामा जनाई प्रमाणित गरी जानकारी लागि सबै सदस्यहरुलाई उपलब्ध गराउनेछ।

(७) केन्द्रीय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि केन्द्रीय समिति आफैले निर्धारण गरे बमो जिम हुनेछ।

# परिच्छेद-४

## जिल्ला कानूनी सहायता समितिको काम, कर्तब्य र अधिकार तथा बैठक समबन्धी कार्यविधि

**१०. जिल्ला कानूनी सहायता समितिको काम, कर्तब्य र अधिकारः**

ऐनको दफा ७ मा उल्लिखित काम, कर्तब्य र अधिकारको अतिरिक्त जिल्ला कानूनी सहायता समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नियम ६ को उपनियम (१) बमोजिम निधारित आन्य भन्दा कम आय भएको धेरै व्यक्तिहरुबाट कानूनी सहायताको माग भएका कानूनी सहायता उपलब्ध गराउन ु पर्न े व्यक्तिहरुका े प्राथमिकता क्रम निर्धारण गर्न आवश्यक नीति निर्धारण गर्ने र त्यसरी निर्धारित नीतिको अधीनमा रही कानूनी सहायता उपलब्ध गराउनु पर्ने व्यक्तिहरुको प्राथमिकता क्रम निर्धारण गर्ने,

(ख) पुनरावेदन अदालत, जिल्ला अदाल तथा अनय निकायमा असमर्थ पक्षको तर्फबाट कानूनी सहायता प्रदान गर्न सम्बन्धित बार इकाइसँग समन्वय कायम गरी कानून व्यवसायीको सूची तयार गर्ने,

(ग) ऐनको दफा ४ को प्रतिबन्धात्मक वाक्यांस बमोजिम कुनै व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउने क्रममा समितिले गरेको खर्च आंशिक वा पूर्ण रुपले छुट दिने सम्बन्धमा केन्द्रीय समितिद्वारा निर्धारित नीतिको अधीनमा रही आवश्यक निर्णय गर्ने,

(घ) ऐनको दफा ५ को उपदफा (४) बमोजिम कानूनी सहायता प्रदान गर्ने कानून व्यवसायीलाई दिने पारिश्रमिकको अंक निर्धारण गर्ने सम्बन्धमा केन्द्रीय समितिद्वारा निर्धारित नीतिको अधीनमा रही कानूनी सहायता उपलब्ध गराउने कानून व्यवसायीको पारिश्रमिक निर्धारण गर्ने,

(ङ) नियम ७ को उपनियम (२) बमोजिम समितिको खर्च साधे भर्ना गराउँदा निजले प्राप्त गरको कूल आर्थिक लाभको मूल्यांकन गर्ने सम्बन्धमा केन्द्रीय समितिद्वारा

निर्धारित नीतिको अधीनमा रही कानूनी सहायता प्राप्त गरेको व्यक्तिले प्राप्त गरेको कूल आर्थिक लाभको मूल्यांकन गर्ने,

(च) ऐन तथा यस नियमावली बमोजिम कानूनी सहायता उपलब्ध गराउन समितिले तोकेको कुनै कानून व्यवसायीले कानूनी सहायता उपलब्ध गराउने काममा हेलचक्र्याँई वा लापरवाही गरी सम्बन्धित व्यक्तिको मुद्दा बिग्रन गएमा त्यस्तो कानून व्यवसायीलाई प्रचलित कानून बमोजिम कारवाही गर्न कानून व्यवसाही परिषद् समक्ष सिफारिश गर्न केन्द्रीय समितिलाई अनुरोध गर्ने,

(छ) जिल्ला समितिको वार्षिक कार्यक्रम तथा बजेट पारित गरी स्वीकृतिको लागि केन्द्रीय समितिमा पठाउने ।

## ११. जिल्ला कानूनी सहायता समितिको बैठक सम्बन्धी कार्यविधि

(१) जिल्ला समितिको बैठक प्रत्येक वर्षमा तीन पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र आवश्यक भएमा सो भन्दा बढी पटक पनि बैठक बस्न सक्नेछ ।

(२) जिल्ला समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञलाई जिल्ला समितिको बैठकम पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(३) जिल्ला समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा जिल्ला समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) जिल्ला समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) जिल्ला समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) जिल्ला समितिको बैठकको निर्णय समितिको सदस्य-सचिवले निर्णय पुस्तिकामा जनाई प्रमाणित गरी जानकारीको लागि सबै सदस्यहरुलाई उपलब्ध गराउनेछ ।

(७) जिल्ला समितिको बैठक सम्बन्धी अन्य कार्यविधि जिल्ला समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

# परिच्छेद-५

## विविध

**१२. कोषको सञ्चालन**

(१) समितिको कोषको नाममा प्राप्त हुन आउने रकम समितिले तोकेको वाणिज्य बैंकमा जम्मा गरिनेछ।

(२) उपनियम (१) बमोजिमको कोषको सञ्चाल केन्द्रीय समीतिको हकमा केन्द्रीय समितिको सदस्य-सचिव र कुने एक सदस्य वा समितिको कर्मचारीको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ र जिल्ला समितिको हकमा जिल्ला समितिको अध्यक्ष र कुनै एक सदस्य वा समितिको कर्मचारीको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ।

**१३. अधिकार प्रत्यायोजन**

(१) ऐन तथा यस नियमावली बमोजिम समितिले प्राप्त गरेका काम, कर्तब्य र अधिकार मध्ये केही अधिकार समितिले तत् तत् समितिको सदस्यहरु रहने गरी गठन भएको कुनै उपसमिति वा कुनै सदस्य वा समितिको कर्मचारीलाई सुम्पन सक्नेछ।

**१४. निर्णय प्रमाणित गर्ने**

समितिले निर्णय सम्बन्धित समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ।

**१५. उपसमिति गठन गर्न सक्ने**

(१) समितिको ऐन वा यस नियमावली बमोजिम गर्नु पर्ने कुनै काम गर्न आवश्यता अनुसार समितिको सदस्य वा विशेषज्ञहरु रहेको उप समिति गठन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम गठित समितिको काम, कर्तबय तथा अधिकार र कार्यविधि समितिले तोकेबमोजिम हुनेछ।

**१६. वार्षिक प्रतिवेदन**

(१) जिल्ला समितिले आफ्नो वार्षिक प्रतिवेदन केन्द्रीय समितिलाई पेश गर्नु पर्नेछ र केन्द्रीय समितिले जिल्ला समितिको प्रतिवेदनको कुराहरु समेतलाई समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी श्री ५ को सरकारमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम तयार गरिने प्रतिवेदनमा अन्य कुराहरुको अतिरिक्त समितिको आय व्यय विवरण, कानूनी सहायता सम्बन्धमा भएको खर्चको लागत सामाजिक प्रभाव र उपलब्धीको बारेमा उल्लेख गर्नु पर्नेछ।

# अनुसुची-१

## (नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

## कानूनी सहायता माग गर्नको लागि दिइने दरखास्त फारामको नमूना

श्री ............................................... कानूनी सहायता समिति,

.................................................

**विषयः कानूनी सहायता उपलब्ध गराई दिने बारे ।**

मलाई कानूनी सहायताको आवश्यक परेको हुनाले देहाय बमोजिमको विवरणहरु खुलाई कानूनी सहायता पाउनको लागि अनुरोध गर्दछु ।

१. कानूनी सहायता उपलब्ध गराइनु पर्ने विषय वस्तुको संक्षिप्त विवरणः

२. पारिवारिक स्थितिको विवरणः

३. आर्थिक स्थितिको विवरणः मेरो मुख्य पेशा व्यवसाय ..................................हो ।

सो बाहेक मैले नोकरी, व्यापार व्यवसाय गरेतापनि मेरो वार्षिक कूल आय रु. चालीस हजार रुपैयाँ भन्दा बढी छैन ।

माथि उल्लिखित व्यहोरा प्रमाणित गर्नको लागि आवश्यक देहाय बमोजिमका कागजातहरुको सककल तथा नक्कल प्रतिहरु यसै साथ संलग्न गरेको छु ।

१.

२.

३.

माथि उल्लिखित व्यहोरा ठिक साँचो छ । झुठ्ा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाको

सहीः

पूरा नाम थरः

ठेगानाः

# अनूसूची-२

## (नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

**कानूनी सहायता दिलाउन सम्बनिधत गाउँ विकास समतिको अध्यक्ष वा सचिव वा सदस्य वा नगरपाकिलाको वडा अध्यक्षले गरिदिने सिफारिस पत्र**

श्री ................................................... कानूनी सहायता समिति,

....................................................

**विषयः कानूनी सहायता उपलब्ध गराई दिने बारे सिफारिस**

यसमा कानूनी सहायता कोलागि माग गर्ने श्री/श्रीमती/सुश्री............................................. ............ यस गाउँ विकास समिति/नगरपालिका अन्तर्गत वडा नं..........का बासिन्दा हुन्। निजको मख्य पेशा व्यवसाय तथा अन्य स्रोतबाट समेत गरी निजको वार्षिक कुल आय रु. चालीस हजार भन्दा कम रहेको छ। निजको आर्थिक स्थिति अनुसार .................. मुद्दा दायर गर्न प्रति उत्तरपत्र दायर गर्न लगायत अन्य कानूनी सल्लाहको लागि कानून व्यवसायी मुकरर गर्न सक्ने स्थिति नरहेकोले निजलाई त्यस समितिबाट कानूनी सहायता उपलब्ध गराई दिनु हुन सिफारिश साथ अनुरोध गरिन्छ।

सिफारिस गर्नेः-

वा वडा कार्यालयको छापः-

सिफारिस गर्ने गा.वि.स. गा.वि.स/नगरपालिकाको नामः-

सिफारिस गर्नेको नामः-

दर्जाः-

वडा अध्यक्ष वा सचिवले सिफारिस गरेको भए वडा नं.ः-

सिफारिस कर्ताको सही

मितिः

**आज्ञाले**

**तीर्थमान शाक्य**

**श्री ५ को सरकारको सचिव**